STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २८९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक २४ गते बुधबार ❑ 10 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली लागू नभएसम्म सरकार स्थिर बन्न सक्दैन : डा भट्टराई

**पोखरापत्र संवाददाता**
**गोरखा, २३ कार्तिक**

जनता समाजवादी पार्टीका राष्ट्रिय परिषद् अध्यक्ष डा बाबुराम भट्टराईले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणाली लागू नभएसम्म देशमा स्थिर सरकार बन्न नसक्ने बताउनुभएको छ।



गोरखाको शहीद लखन गाउँपालिकाको घैरुङमा सोमबार आयोजित जनभेटघाट कार्यक्रममा डा भट्टराईले अहिलेको शासन प्रणालीले देशमा जति सरकार बने पनि स्थिर सरकार बन्न नसक्ने बताउनुभएको हो।

"संविधानसभाबाट संविधान बनाए पनि देशमा प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली नभएसम्म स्थिर सरकार बन्दैन", उहाँले भन्नुभयो, "जबसम्म योग्य मान्छे, योग्य समूह सबै छानेको प्रतिनिधिले नेतृत्व लिँदैन, त्यो नभएसम्म देशमा सही अर्थमा लोकतन्त्र पनि आउँदैन र विकास र समृद्धि पनि हुँदैन।" उहाँले असल व्यक्ति नआएसम्म देशमा परिवर्तन सम्भव नहुने बताउनुभयो। उहाँले माओवादीलगायतका दलहरूले अहिलेको संविधानमा सबैथोक पुग्यो भन्नु यथार्थ नभएको भन्दै अहिलेको संविधान पूर्ण नभएको बताउनुभयो। "प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली लागू नभएसम्म संविधानसभाबाट बनेको संविधान पनि पूर्ण छैन", डा भट्टराईले भन्नुभयो, "संविधान आधा गिलास खाली र आधा गिलास भरिएको जस्तो मात्र भएको छ, प्रत्यक्ष राष्ट्रपतीय प्रणाली लागू गर्न सके मात्र त्यो पूरा हुन्छ।" अहिलेको नेपालको सङ्घीयता आफूहरूले खोजेको जस्तो सङ्घीयता नभएको पनि अध्यक्ष डा भट्टराईको भनाइ छ। "विभिन्न जातजाति, भाषा र समुदायले बनेको मुलुक हो, सङ्घीयता भनेको आफ्नो भाषा, इतिहास थातथलो मिल्ने गरी भौगोलिक सीमाङ्कन गरिएको हुनुपर्छ, देश ठूलो भएकाले काँक्रो चिरे जस्तो चिर्ने भन्ने मात्र सङ्घीयता होइन", डा भट्टराईले भन्नुभयो, "जातीय र भाषिक विविधता भएको देशमा त्यही अनुसार सीमाङ्कन हुनुपर्थ्यो।"

अर्को प्रसङ्गमा उहाँले हिजोका माओवादी एकता आवश्यक भए पनि पुरानै अवस्था नभई पुराना माओवादी नयाँ ठाउँमा आएर एकता हुनुपर्ने बताउनुभयो। "नयाँ विचारशैली र ढाँचा बोकेको नेतृत्व प्रणाली भएको ठाउँमा जाऔँ, माओवादीको हिजोको विचारले मात्र पुग्दैन", उहाँले भन्नुभयो, "सबै माओवादी एकै ठाउँमा आएर हिजोकै ठाउँमा फर्कने भन्ने कुरा भावनात्मक कुरा मात्र हो।"

## राष्ट्रियसभा २० सदस्यको फागुन २१ मा पदावधि सकिँदै

**रासस**
**काठमाडौं, २३ कार्तिक**

राष्ट्रियसभाका उपाध्यक्षसहित एकतिहाइ सदस्यको आगामी फागुन २१ गते पदावधि सकिँदैछ।

चारवर्षे पदावधि सकिनेमा उपाध्यक्ष शशिकला दाहाल र विषयगत समितिका सभापतित्रय तारादेवी भट्ट, रामनारायण बिडारी र परशुराम मेघी गुरुङसमेत हुनुहुन्छ।

नेकपा (एमाले)का आठ, नेकपा (एकीकृत समाजवादी)का चार, नेकपा (माओवादी केन्द्र) का चार र नेपाली कांग्रेसका तीन सदस्यको पनि फागुन २१ कार्यकाल समाप्त हुनेछ। राष्ट्रपतिबाट विषयविज्ञका रूपमा मनोनित सदस्य बिडारीको पनि सोही मितिमा चारवर्षे कार्यकाल समाप्त हुँदैछ। पदावधि समाप्त हुनेमा अगमप्रसाद वान्तवा राई, उदया शर्मा पौडेल, कविता बोगटी, खीमकुमार विक, चक्रप्रसाद स्नेही, जीवन बुढा, दृगनारायण पाण्डे, ठगेन्द्रप्रकाश पुरी, तारादेवी भट्ट, दीनानाथ शर्मा, नैनकला ओझा, राधेश्याम अधिकारी, रामलखन चमार, शान्तिकुमारी अधिकारी र शेरबहादुर कुँवर हुनुहुन्छ। विसं २०७५ असार ४ गते भएको गोला प्रथाद्वारा चारवर्षे पदावधि कायम भएका सदस्यको पदावधि सकिन लागेको हो। स्थायी सदन भएकाले राष्ट्रियसभाका एकतिहाई सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुनेछ। चारवर्षे पदावधि सकिनेमा सात महिला, तीन दलित समुदाय, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकबाट दुई र अन्य समुदायका सात सदस्य छन्। माथिल्लो सदनका रूपमा रहेको ५९ सदस्यीय राष्ट्रियसभा सदस्यको पदावधि छ वर्षको हुन्छ। राष्ट्रियसभा सदस्य निर्वाचनमा प्रदेशसभा सदस्य, गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिका प्रमुख र उपप्रमुख मतदाता हुन्छन्। सरकारले राजनीतिक दलको सहमतिमा एकतिहाइ सदस्यको रिक्त हुने पदका लागि निकट भविष्यमै निर्वाचनको मिति घोषणा गर्ने यसअघि नै जनाइसकेको छ। सदस्यको पदावधि समाप्त हुनुभन्दा कम्तीमा ३५ दिनअघि नै निर्वाचन गरिसक्नुपर्ने कानुनी व्यवस्था छ। राष्ट्रियसभा सदस्यका लागि ३५ वर्ष उमेर पुगेको हुनुपर्छ। प्रवुद्ध समूहको प्रतिनिधित्व हुने भएकाले राष्ट्रियसभालाई परिपक्व सदन मानिन्छ। विसं २०७४ भएको राष्ट्रियसभा सदस्य निर्वाचनमा नेकपा (एमाले) २७, नेपाली कांग्रेस १३, नेकपा (माओवादी केन्द्र) १२ तथा तत्कालीन राष्ट्रिय जनता पार्टी नेपाल र सङ्घीय समाजवादी फोरमले दुई/दुई सिटमा विजयी हासिल गरेका थिए।

## चिनिया राजदुतावासको सहयोगमा ४ विद्यालयलाई निशुल्क: इन्टरनेट सेवा

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ कार्तिक**

नेपालका लागि चिनिया राजदुतावासको सहयोगमा कास्कीका ४ वटा सामुदायिक विद्यालयलाई एक बर्षको लागि निशुल्कः इन्टरनेट सेवा उपलब्ध गराउने भएको छ।



नेपाल चिन जनमैत्रि संघको समन्वयमा चिनिया दुतावासको सहयोगमा कास्कीका ४ वटा विद्यालयमा एक बर्षसम्मको लागि इन्टरनेट सेवा सहितको केही सामाग्रि समेत सहयोग गरेको संघका अध्यक्ष विश्वशंकर पालिखेले बताउनु भयो। गण्डकी प्रदेशका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठको उपस्थितीमा संघले मंगलबार पोखरामा आयोजित एक समारोहका बिच कास्कीका ४ बिद्यालयलाई एक बर्षको लागि इन्टरनेट सेवा सहित इन्टरनेट सेवा संचालनको लागि आवश्यक सामाग्रि समेत सहयोग हस्तान्तरण गरेको हो। पोखरा २१ कृष्तीको भविश्य निर्माण मावि, पोखरा ३३ को शिशु कल्याण मावि, निर्मलपोखरीको जनजाग्रिती मावि, पोखरा २१ कै जनचेतना माविलाई एक बर्षको निशुल्क इन्टरनेट सेवाको साथमा सोलार प्लान्ट र इन्भटर समेत सहयोग गरिएको अध्यक्ष पालिखेले बताउनु भयो। उक्त बिद्यालयमा आवश्यक पर्ने इन्टरनेट सेवा पोखरा इन्टरनेट प्रा.लि.ले सेवा प्रवाह गर्ने भएको पोखरा इन्टरनेटका प्रा.लि.का जनरल म्यानेजर वरदान ताङवेले बताउनु भयो।

कोरोनाको समयमा इन्टरनेट विना गाउँ गाँउ शिक्षा प्रभावकारी बनाउन कठिन भएको अबस्थालाई मध्यनजर गरी आफुहरुले पहिलो चरणमा कास्कीका ४ बिद्यालयलाई उक्त सेवा प्रदान गर्न छनौट गरेको अध्यक्ष पालिखेले जनाउनु भयो। दोश्रो चरणमा पुनः ४ वटा बिद्यालयको लागि समेत सहयोगको लागि प्रस्ताव गरिएको उहाँले बताउनु भयो। गाउँ शिक्षा कार्यक्रम अभियान अर्न्तगत सम्भव भएसम्म पोखरा हुदै कास्कीका सामुदायिक बिद्यालयहरुमा उक्त अभियान लैजाने आफुहरुको लक्ष्य रहेको पालिखेले बताउनु भयो। इन्टरनेट सेवा संचालन गर्न व्याकअफ व्याटिको साथमा अप्टिकल फाइवर जडान गर्दा करिब ४ देखि ५ लाख खर्च लाग्ने उहाँले बताउनु भयो।

नेपाल स्थित चिनिया राजदुत हाउ यान्छीले कोरोनाको कारण प्रत्यक्ष रुपमा पोखरामा आउन नसके पनि भिडियो कन्फरेन्सबाट कुरा गर्दै नेपालका गाउँमा शिक्षाको पहुच पुर्याउन चिन सरकारले विगतका बर्ष देखि नै सहयोग गर्दै आएको बताउनु भयो। कोरोनाको कारणले गर्दा इन्टरनेट विना अनलाइन कक्षा संचालनमा कठिन भएकोले आफुहरु नेपालका गाउँ गाउँका बिद्यालयमा उपकरण सहित इन्टरनेट सेवा प्रदान गर्न लागेको बताउनु भयो।

गण्डकी प्रदेशका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठले नेपालका गाउँका बिद्यालयमा इन्टरनेट सेवा प्रदान गरेकोमा चिन सरकारलाई धन्यवाद दिनु भएको छ। तातोपानी र रसुवा नाका जस्तै गरी प्रदेशको नाका कोरोला नाका संचालन गरी नेपाल र चिन बिचको सम्बन्ध थप प्रगाण पार्न मन्त्री श्रेष्ठले आग्रह गर्नु भयो। नेपालको शिक्षा प्रविधिमा आधारित र आत्मसनिर्भर हुने शिक्षा आवश्यक भएको उहाँको भनाई थियो। संघका अध्यक्ष पालिखेको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा आयुष्मा भण्डारी, सविन अधिकारी लगायतले अबको शिक्षामा इन्टरनेट सेवाको महत्व धेरै रहेको बताउनु भएको थियो।

## स्याङ्जामा ११५ दिनको ४८ करोड राजस्व संकलन

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, २३ कार्तिक**


संघिय र गण्डकी प्रदेश सरकारका लागि स्याङ्जाबाट ४८ करोड राजस्व संकलन भएको छ। आर्थिक बर्ष २०७८/०७९ शुरु भएको १ सय १५ दिनमा सो राजस्व संकलन भएको हो।

कोष तथा लेखा नियन्त्रक कार्यालय स्याङ्जाले दिएको जानकारी अनुसार साउन १ गते देखि कार्तिक २३ गते सम्म स्याङ्जामा ४७ करोड ९२ लाख ३८ हजार ८ सय १ रुपैया राजस्व संकलन भएको जनाएको छ। यो गत आर्थिक बर्षको भन्दा निकै राम्रो सन्देश हो। संघिय सरकार र प्रदेश सरकारलाई बिषयगत सरकारी कार्यालयबाट उठाईने करको दायरा निकै शुभ देखिएको कोलेनिका स्याङ्जाका प्रमुख भुवन काफ्लेले बताए।

कोलेनिका प्रमुख काफ्लेका अनुसार १ सय १५ दिनमा संघिय सरकारका लागि ४४ करोड ६६ लाख ७५ हजार ४ सय ७० राजस्व संकलन भएको छ भने प्रदेश सरकारका लागि ३ करोड २५ लाख ६३ हजार ३ सय ३१ राजस्व संकलन भएको छ। राजस्व बृद्धि हुनुमा स्थानीयतहको रकम फिर्ता र राहदानी बनाउनेको संख्या बढ्नु रहेको काफ्लेको तर्क छ। गत आर्थिक बर्ष २०७७/०७८ मा ५७ करोड राजस्व संकलन संघिय सरकारलाई भएको थियो भने प्रदेश सरकारलाई १० करोडको हाराहारीमा रहेको थियो।

एकै दिन अथवा कार्त्तिक २३ गते मात्रै स्याङ्जामा संघिय सरकार र प्रदेश सरकारलाई ११ लाख ८४ हजार ९१ रुपैया राजस्व संकलन भएको छ। संघिय सरकारलाई ७ लाख ६७ हजार २ सय ९१ र प्रदेश सरकारलाई ४ लाख १६ हजार ८ सय राजस्व संकलन भएको कोलेनिका स्याङ्जाले जनाएको छ। एकै दिन संघिय सरकारलाई जिल्ला

बाँकी अन्तिम पृष्ठमा ▶▶




## राष्ट्रपति भण्डारीबाट तीन प्रदेशमा प्रदेश प्रमुख नियुक्त

**रासस**
**काठमाडौं, २३ कार्तिक**

राष्ट्रपति विद्यादेवी भण्डारीले प्रदेश नम्बर १, कर्णाली र सुदूरपश्चिम प्रदेशमा प्रदेश प्रमुख नियुक्त गर्नुभएको छ।

मन्त्रिपरिषद्को यही कात्तिक २२ गते बसेको बैठकको निर्णय एवं सिफारिसमा नेपालको संविधानको धारा १६३ उपधारा २ बमोजिम प्रदेश नं १ मा तेह्रथुमका परशुराम खापुङ, कर्णाली प्रदेशमा बाँकेका तिलक परियार र सुदूरपश्चिममा बाजुराका देवराज जोशीलाई राष्ट्रपति भण्डारीले मंगलबार नियुक्त गर्नुभएको हो।

मन्त्रिपरिषद् बैठकको सिफारिसमा संविधानको धारा १६५ को उपधारा १ को खण्ड 'ख' अनुसार यसअघिका प्रदेश प्रमुख पदमुक्त भएपछि राष्ट्रपति भण्डारीले नयाँ प्रदेश प्रमुख नियुक्त गर्नुभएको राष्ट्रपति कार्यालयबाट जारी विज्ञप्तिमा भनिएको छ। यसअघि प्रदेश एकमा सोमनाथ अधिकारी, कर्णाली गोविन्दप्रसाद कलौनी र सुदूरपश्चिममा गङ्गाप्रसाद यादव प्रदेश प्रमुख हुनुहुन्थ्यो।

## थप ५३३ जनामा कोरोना संक्रमण

**रासस**
**काठमाडौं, २३ कार्तिक**

पछिल्लो २४ घण्टामा देशभर ५३३ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ। सो अवधिमा १६ हजार ७३६ जनाको कोरोना परीक्षण गरिएको थियो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या सात हजार ६१२ छ। नेपालमा कोरोना सङ्क्रमण दर १८.२ प्रतिशत छ। हाल पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्लामा काठमाडौँ र ललितपुर तथा २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला मोरङ, सुनसरी, झापा, भक्तपुर, कास्की, पूर्वी नवलपरासी, रुपन्देही, बाँके र कैलाली छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार दुई जिल्लामा कोरोना सङ्क्रमति शून्य रहेको छ। हुम्ला र मुगुमा सङ्क्रमित सङ्ख्या शून्य रहेको छ। पछिल्लो २४ घण्टामा ४८४ जना सङ्क्रमणबाट मुक्त भएका छन्। योसँगै नेपालमा कोरोनाबाट मुक्त हुनेको सङ्ख्या सात लाख ९६ हजार ३०६ पुगेको छ। नेपालमा सङ्क्रमणमुक्त हुने दर ९७.७ प्रतिशत छ। कोरोना सङ्क्रमणबाट आज एक जनाको निधन भएको छ।

# यस वर्ष पोखरामा छठ पर्व भव्य रुपमा मनाउने तयारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ कार्तिक**

कोरोनाले गर्दा गत बर्ष प्रभावित भएको छठ पर्व यस बर्ष भने पोखरामा पनि भव्य रुपमा मनाइने भएको छ। गत बर्ष कोरोना संक्रमण बढेसंगै छठ पर्व मनाउन नपाएका सूर्यका भक्तहरुले यस बर्ष भने हर्स उल्लाहासा साथ मनाउने तयारी गरेका हुन्।

पोखराका मुख्य गरी तीन स्थानमा धुमधामका साथ छठ पुजा मनाउने तयारी गरिएको विभिन्न छठ पुजा समितिहरुले हाम्रा प्रतिनिधिहरुलाई जनाएका छन्। पोखरा नदीपुरको नारायणथान मन्दिर परिसर, बैदामको केदारेश्वर महादेवमणि मन्दिर परिसर (फेवाताल किनारा) र रिठ्ठाघाँट त्रिवेणी धाम (कालिखोला) सेतिनदी किनारामा छठ पुजा धुमधामका साथ मनाउन आइतबार र सोमबार सरसफाई गरिएको छ। सुर्यका भक्तहरुलाई छठ पर्वको अवसरमा पोखरामै सहज ढंगबाट पुजा गर्ने वातावरण सृजना गर्न पोखराका मुख्य तीन ठाउँमा छठ पूजा समितिले सरसफाईदेखि आन्तरिक व्यबस्थापनमा जुटेको नारायणथान मन्दिर स्थित छठ पूजा समितिका अध्यक्ष विनोद गुप्ताले बताए। उनका अनुसार यस बर्ष कोरोनाको प्रभाव कम भएकोले गर्दा आवश्यक स्वास्थ्य मापदण्डलाई सकेसम्म पालना गराउदै छठ पूजाको तयारी गरिएको छ।

केदारेश्वर महादेवमणि क्षेत्रमा आइतबार देखि सरसफाई गर्न सुरु गरिएको एन.बी.व्यवसायी समितिका अध्यक्ष अनिल गुप्ताले बताए। सरसफाईसंगै छठ पुजा स्थलमा रंगरोगन सहित झकिझकाउ पारिएको उनले जनाए। त्यसै गरी विगत दुई दशक भन्दा लामो समय देखि तराई मुलका नेपालीहरुले पोखराका विभिन्न ठाँउमा ठप पूजा मनाउन थालिएको प्राध्यापक देवनारायण सुतीहारले बताए। पोखरामा पछिल्ला बर्ष देखि मधेषि, तराई तथा केहि पहाडी मुलका मानिसहरुले समेत छठ पर्व मनाउन थालेको उनले दाबी गरे। उनका अनुसार यस बर्षको छठ पर्वको मुख्य दिन (षष्ठी) बुधबार कार्तिक २४ गते परेको छ। सप्तमी कात्तिक २५ गते बिहिबार सुर्यका भक्तहरुले उदाउदो सुर्यलाई अर्घ दिने भएकाछन्। सष्ठीमा अस्ताउदो सुर्यलाई अर्घ दिने गरीन्छ भने विभिन्न फलफुल, कन्दमुल,ठेकुवा, कसार लगायतका सामाग्रिको साथमा सुर्यका भक्तहरुले पुजा गर्ने गर्दछन। बजारमा छठ पुजाका सामाग्रिहरु किन्नेहरुको उत्साहजनक रुपमा सहभागिता रहेको एक व्यवसायी रोविन गुप्ताले बताए। छठ पुजाको चतुर्थी (सोमबार) का दिन नुहाउने र चोखो खाने गरेका सूर्यका भक्तले आज (मंगलबार) पञ्चमीमा दिनभर व्रत बस्ने (खड्ना) र राति पुजा गर्ने प्रचलन रहेको छ। विगत ७ बर्ष देखि सेती गण्डकी र कालिखोलाको दोभान रिठ्ठाघाँट बैकुण्ठ त्रिवेणी धाम (कालिखोला) मा पनि धुमधामका साथ यो पर्व मनाउदै आएको अध्यक्ष सुतीहारले बताए।

छठका भक्तहरुले केराको खम्मा, उखु, अदुवा, भोगटे, सुन्तला लगायतका फलफुलका वोटहरु सजावट गर्ने गरेका छन्। सुर्यलाई भगवानको प्रतिको रुपमा पुजा गर्ने भक्तहरुले आफ्नो मनोकाक्षा पुरा हुने धार्मिक विश्वासका साथ उनीहरु पूजा आज गर्न गर्दछन्।



पिङमा मनोरञ्जन लिँदै पर्यटक : माछापुच्छ्रे गाउँपालिका-६ घितालस्थित पोखरीडाँडाको नौमती बाजा पार्कमा निर्माण गरिएको लिङ्गेपिङ खेल्दै पर्यटक। पार्कमा लिङ्गेपिङले थप आकर्षण बनेको छ। तस्बिरः हरि बाँस्तोला/रासस

# पोखरा इलेक्ट्रिक क्लबमा सापकोटा

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ कार्तिक**

पोखरा इलेक्ट्रिक क्लबको २३ औं साधारण सभा तथा ७ औं अधिवेशनले कृष्णप्रसाद सापकोटाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।

सर्वसम्मत चयन भएको कार्यसमितिको निवर्तमान अध्यक्षमा भिमप्रसाद गौतम, उपाध्यक्षमा दीपक बास्तोला, महासचिवमा अमृत पोखरेल, सहसचिवमा प्रकाश कटवाल र कोषाध्यक्षमा ऐन भट्टराई चुनिएका छन्। क्लबका कानूनी सल्लाहकार शुकेदव गौतम संयोजक तथा हरिप्रसाद भट्टराई र डिल्लीराम आचार्य सदस्य रहेको निर्वाचन समितिले दिएको जानकारी अनुसार कार्यसमितिका सदस्यहरुमा डोलराज लम्साल, प्रदीप पौडेल, गणेशप्रसाद भट्टराई , गोपी उप्रेती प्रेमबहादु कार्की र दानबहादुर श्रेष्ठ रहेका छन्।



सञ्जय श्रेष्ठ र माधव आचार्यले कार्यसमिति सर्वसम्मत बनाउन विशेष पहल गरेका थिए। यसअघि साधारण सभाले सचिव दीपक बास्तोला र कोषाध्यक्ष गणेशप्रसाद भट्टराईको प्रतिवेदन पारित गरेको थियो।

# गण्डकीमा ८७ जना कोरोना संक्रमणमुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ कार्तिक**

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा ८७ जना कोरोना सङ्क्रमणमुक्त भएका छन्।

यस अवधिमा प्रदेशमा ३२ जना सङ्क्रमित थपिएको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र गण्डकी प्रदेशका संयोजक नवराज शर्मालै जनाकारी दिनुभयो। उहाँका अनुसार थपिनेमा कास्कीका १७, नवलपरासी (बर्दाघाट सुस्तापूर्व) र पर्वतका चार/चार , स्याङ्जाका तीन, बागलुङका दुई, लमजुङ र तनहुँका एक/एक छन्।

प्रदेशमा सकृय सङ्क्रमितको सङ्ख्या ४२६ पुगेको छ भने होमआइसोलेसनमा ३९१ जना रहेको निर्देशनालयले जनाएको छ।

# मगर चलचित्रकर्मी संघ नेपाल, कास्कीको अध्यक्षमा पुन: थापामगर

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ कार्तिक**



मगर चलचित्रकर्मी संघ नेपाल, कास्कीको दोस्रो जिल्ला अधिवेशनबाट अध्यक्षमा दोस्रो कार्यकालका लागि पुनः राहुल थापामगर सर्वसम्मत निर्वाचित हुनुभएको छ।

मंगलबार सम्पन्न अधिवेशनबाट उपाध्यक्षमा केशव आलेमगर, सचिवमा पुष्पा पुर्जामगर, सह-सचिवमा चन्द्रबहादुर थापामगर र कोषाध्यक्षमा लेकदेवी पुनमगर रहनुभएको छ। त्यसैगरी, ११ सदस्यीय कार्यसमितिको सदस्यहरूमा अञ्जु बुढामगर, मुना रानामगर र बाजिन्द्र बुढामगर रहनुभएको छ भने तीन जना सदस्य पछि मनोनित गरिने जनाइएको छ।

यसअघि, अधिवेशनको उद्घाटन गर्दै मगर चलचित्रकर्मी संघ नेपालका केन्द्रीय उपाध्यक्ष मेजन पुनमगरले कोरोनामहामारीकाकारणचलचित्र क्षेत्रले ठूलो क्षति व्यहोर्नुपरेको बताउनुभयो। पछिल्लो समय कोरोना केही नियन्त्रणमा आएपनि जोखिम उत्तिकै रहेको भन्दै उहाँले अझै पनि ढुक्क भएर चलचित्रमा लगानी गर्ने वातावरण तयार भइनसकेको बताउनुभयो। मगर चलचित्रको बजार विस्तार आवश्यक रहेकोमा जोड दिँदै उपाध्यक्ष पुनमगरले मगर चलचित्र निर्माणलाई बढावा दिन स्वयं मगर समुदाय र राज्यले साथ दिनुपर्ने उल्लेख गर्नुभयो। संघका संस्थापक केन्द्रीय सदस्य सन्तोष पिठाकोटेमगरले मगर जातिको जनसंख्या ठूलो भएपनि मगर चलचित्रको बजार विस्तार हुन नसक्नु विडम्बना भएको बताउनुभयो।

मगर चलचित्रको निर्माणलाई तीव्रता दिनुपर्ने आवश्यकता रहेको भन्दै उहाँले मगर चलचित्रको प्रवर्द्धनमा सञ्चारमाध्यमको साथ लिनुपर्ने आवश्यकता औंल्याउनुभयो। नेपाल मगर पत्रकार संघका केन्द्रीय उपाध्यक्ष एमबी आस्था मगरले मगर चलचित्रकर्मी र मगर पत्रकारका बीचमा सहकार्यको खाँचो औंल्याउनुभयो। मगर चलचित्रको प्रवर्द्धनका लागि मगर पत्रकारको भूमिका महत्वपूर्ण हुने भन्दै उहाँले मगर चलचित्रकर्मीले मगर पत्रकार खोज्ने र मगर पत्रकारले मगर चलचित्रकर्मी खोज्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो। त्यस्तै, नेपाल मगर लेखक संघका केन्द्रीय सचिव रूद्रबहादुर श्रीसमगरले मगर भाषा, साहित्य र चलचित्र क्षेत्रको विकासका लागि सबैले हातेमालो गर्नु जरुरी रहेको बताउनुभयो।

मगर चलचित्रकर्मी संघ नेपाल, कास्कीका अध्यक्ष राहुल थापामगरको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव आशीष पुनमगर र उपाध्यक्ष केशव आलेमगरले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो।

# माओवादीको राष्ट्रिय सम्मेलन आगामी पुस ११ देखि १३ सम्म काठमाडौँमा हुने

**रासस**
**काठमाडौं, २३ कार्तिक**

नेकपा (माओवादी केन्द्र)ले पाँच दलीय समन्वय समितिमा पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने नाम टुङ्गो लगाएको छ।

पार्टी मुख्यालय पेरिसडाँडामा मंगलबार बसेको स्थायी समिति बैठकले समितिमा पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेता नारायणकाजी श्रेष्ठले प्रतिनिधित्व गर्ने निर्णय गरेको प्रवक्ता कृष्णबहादुर महराले जानकारी दिनुभयो।

सत्ता गठबन्धनमा आबद्ध पाँच दलको सोमबार बसेको बैठकले सरकार सञ्चालनमा सहजीकरण गर्ने उद्देश्यले ११ सदस्यीय समन्वय समिति गठन गर्ने निर्णय गरेको थियो। सो समितिमा नेपाली कांग्रेस, माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाबाट दुईदुई जनाले प्रतिनिधित्व गर्ने सहमति भएको थियो। यसैगरी बैठकले पार्टीको आसन्न राष्ट्रिय सम्मेलन आगामी पुस ११ देखि १३ सम्म काठमाडौँमा आयोजना गर्ने निर्णय गरेको छ। सम्मेलनको तयारीस्वरुप पार्टीले साङ्गठनिक कामलाई तीव्रता दिएको छ। बैठकले अमेरिकी सहयोग परियोजना (एमसीसी) परिमार्जनसहित राष्ट्रिय सहमतिका आधारमा मात्र अगाडि बढाउने निर्णय गरेको छ। एमसीसीका विषयमा बाहिर जुन विषय सार्वजनिक भएको छ, हाम्रो पार्टी एमसिसीका विषयमा राष्ट्रिय सहमति कायम नभइकन, सम्झौताका केही बुँदा संशोधन र परिमार्जन नभइकन अगाडि नबढाउने कुरा भएको छ, बैठकको निर्णयबारे जानकारी दिँदै प्रवक्ता महराले भन्नुभयो।

मंगलबारको बैठक साङ्गठिन विषयमा केन्द्रित भएको प्रवक्ता महराले जानकारी दिनुभयो। प्रदेश पदाधिकारीको टुङ्गो लगाउने विषयमा पनि बैठकमा छलफल भएको छ। बैठकले सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने केन्द्रीय समितिका सदस्यसँग परामर्श गरेर पदाधिकारी टुङ्ग्याउने निर्णय गरेको उहाँले जानकारी दिनुभयो।

# लागुऔषधसहित दुई महिला पक्राउ

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ कार्तिक**

प्रहरीले कास्कीमा लागुऔषधसहित दुई महिलालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको टोलीले पोखरा महागनरपालिका-८ सिमलचौरबाट लमजुङको दोर्दी गाउँपालिका-७ की ३१ वर्षीया प्रेमा गुरुङ र गुल्मीको मालिका-२ की ३१ वर्षीया कोपिला अर्याललाई पक्राउ गरेको हो।

प्रहरी नायब उपरीक्षक सुवास हमालका अनुसार दुवै जनाबाट डाइजापाम-७४ एम्पुल, बरुफिनुर्फिन-७० एम्पुल र फेनेरागन-७२ एम्पुल बरामद गरिएको छ। दुवै जनाको कास्की जिल्ला अदालतबाट लागुऔषधसम्बन्धी मुद्दामा आठ दिन म्याद थप गरी अनुसन्धान प्रक्रिया थालिएको प्रहरीले जनाएको छ।

# स्याङ्जा...

प्रशासनले १ लाख ३८ हजार ३ सय, इलाक प्रशासन वालिङले २ लाख २७ हजार ५ सय, करदाता कार्यालयले ३ लाख १७ हजार ४ सय ९१, जिल्ला प्रहरी कार्यालयले ३५ हजार ५ सय र शिक्षा विकास समन्वय इकाईले ५१ हजार ५ सय राजस्व संकलन गरेका छन्।

प्रदेश सरकारका लागि घरेलु तथा साना उद्योग विकास समितिले ५२ हजार १ सय र पुर्वाधार विकास कार्यालयले ३ लाख ६४ हजार ७ सय राजस्व संकलन गरेका छन्। तुलानात्मक हिसावले गृहमन्त्रालय अन्तर्गत रहेको जिल्ला प्रशासन र इलाका प्रशासनले सबै भन्दा बढी संघिय सरकारलाई राजस्व संकलन गर्न सफल भएका छन्। राहदानी बनाउने नागरिकको संख्यामा बृद्धि हुदा प्रशासनको राजस्व निकै बढ्न पुगेको बताइएको छ। यो क्रम अझै केही महिना चल्न सक्ने अनुमान गरिएको छ।

राहदानी नभएसम्म डिभी भर्न नपाउने व्यवस्था अमेरीकाले गरेपछि अहिले राहदानी बनाउनेको संख्या बढेको इलाक प्रशासन कार्यालय वालिङका प्रमुख नवराज बरालले बताए। इलाका प्रशासन वालिङमा दैनिक ५० देखि ८० सम्म राहदानी बनाउनेको संख्या रहेको बरालले बताए। जिल्ला प्रशासनमा पनि राहदानी बनाउने सोही संख्यामा रहेको बताइएको छ।


## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# छठ पर्वको शुभकामना

नेपालमा मनाइने चाडपर्व मध्ये तराई मधेशमा मनाउने छठ पर्वको महत्व बढेर गएको छ । छठ पर्व मानिसमा भएको दुःख रोगभोक जस्ता समस्याहरुलाई निकारण गर्ने विश्वासका साथ नदी र तलाउ किनारामा गएर शुद्धतापूर्वक सूर्य देवतालाई पूजा र आराधना गरेर मनाउने गरिन्छ । छठ पर्वको व्रत गरे दुःख र दरिद्रतावाट मुक्ति पाइने जनविश्वास छ । मानवजातीका सबै समस्या निराकरण हुने बिश्वास गरिन्छ । धनी गरिब एकै ठाउँमा बसेर चाड मनाउँदा सामाजिक विभेद हट्दै जान्छ । छठ पर्व भव्य रुपले मनाउन नदी, तलाउ, पोखरी लगाएतका ठाउँमा सजावट गर्ने काम तिव्र रुपले भएको छ । घाट सजाउन र विजुलीले झिलीमिली बनाइएको छ । ताराईका बजारहरु छठका लागि आवश्यक पर्न बाँस र माटोबाट बनेका सामाग्री, फलफूल र पूजाका सामग्रीको व्यापार हुने गर्छ । बाँसवाट निर्मित नाङ्लो, ठेकी, चंगेरी आदि सामान आवश्यक हुन्छ । माटोवाट निर्मित पाला, हाते घैला लगायतका सामाग्री र महिलाले लगाउने वस्त्र र गहनाको विक्री हुने अवसर पनि हो छठ ।

यसपटक कोरोना संक्रमण केही घटेको र खोप लगाएका कारण छठ पर्व भब्य रुपमा मनाउन पोखरी, नदि घाट, तलाउ सिङ्गार पटार गरिएको छ । बास्थानीय प्रशासन र छठ पुजा ब्यवस्थापन समितिले सामाजिक दुरी कायम गरेर, नदि, पोखरी, तलाउमा नजान र स्वास्थ्य सुरक्षा अपनाएर मनाउन आग्रह गरेका छन । ताराईका नदि, तलाउ,पोखरी छेउलाई सिङ्गारिएको छ । छठको रौनक बढाइहेको छ । छठको वेलामा सात्विक भोजन गरिन्छ । तामसी भोजनमा बर्जित हुने चाड पनि हो छठ । ताराईमा उत्पादन हुन नसकेका सामान भारतबाट समेत ल्याइएका छन् । नेपालको तराई मधेशमा मात्र सिमित रहेको छठ पर्व केहि वर्षयता काठमाडौं र पोखरा लगायत पहाडी क्षेत्रमा पनि मनाउन थालिएको छ ।

छठ तराईबाट पहाडमा बिस्तार भएको छ । देशका सबै ठाउँमा मनाउनु भनेको संस्कृतिको बिस्तार भएको मान्न सकिन्छ । कतिपय चाडपर्व एक देशबाट अर्को देशमा पनि मनाई रहेको बेला एकै देशको संस्कृति बारे सबै नेपालीले थाहा पाउनु बहुधार्मिक, बहुसाँस्कृतिक भएको देश हो भन्ने प्रमाण हो । तराईबासीहरु नेपालका जुन ठाउँमा बसे पनि छठ मनाउँन आफ्नो जन्मस्थान जाने गरेका थिए । पछिल्लो समय जुन ठाउँमा बसोबास गरिएको छ । त्यहि ठाउँमा छठ मनाउने गरेका छन् । यसले आपसी सद्भाव बढाउने काम गर्छ । संस्कृतिको बिस्तार एउटा समुदायले मनाईरहेको पर्व अर्को समुदायले पनि मनाउन थाल्नु अवश्य पनि सकारात्मक सन्देशको रुपमा लिनुपर्ने हुन्छ ।

महाभारतकालमा द्रौपदीसहित पाण्डवहरुले अज्ञात वासमा रहदा गुप्तवास सफल होस् भनी सूर्य देवको आराधना गरेको र सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको कथन छ । छठ पर्वको दिन दिउसो अस्ताउदै गरेको सूर्यको पूजा तथा खष्टी मातालाई अर्घ दिएर मनाउने चलन छ । सूर्य देवतालाई ठेकुवा, भुसवा, केरा, नरिवल, अदुवा, फलफूल, मिठाइसहितका प्रसाद अर्पण गरिन्छ भने चौथो तथा अन्तिम दिन उदाउँदै गरेको सूर्य र खष्टी मातालाई अर्घ दिई छठ सम्पन्न गरिन्छ । पारिवारिक सुख, शान्ति, रोगबाट मुक्ती तथा मनोकांक्षा पूरा होस् भन्ने उद्देश्यले सूर्यको उपसना गरी यो पर्व मनाउने परम्परा छ । बिशेषगरी मिथिलाञ्चलको आस्थाको रुपमा मानिने छठ पर्व तराईका जिल्लाका साथै राजधानीमा कमलपोखरी, वाग्मती किनार समेत धुमधामका साथ मनाईने गरिएको छ । भिडभाड सहित छठ मनाउनेको संख्या बढ्नु र देशका धेरै ठाउँमा मनाउनु छठ पर्वको महत्व बढ्दै जानु हो । छठ पर्वको अवसरमा सम्पूर्ण दाजुभाई दिदीबहिनीहरुलाई शुभकामना व्यक्त गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : शत्रुको भय |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : मन चञ्चल | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : व्यापारमा लाभ | मकर | : मानसिक तनाव |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्पर्कनुहोस् ।


# पर्यटक लोभ्याउँदै धितालको नौमती बाजा पार्क

– हरि बाँस्तोला
गण्डकी, २३ कार्तिक (रासस)

अस्तामको नौमती बाजा भनेपछि पोखरा र आसपासका क्षेत्रमा हुरुक्कै हुने गर्दछन् । विवाह, व्रतबन्धलगायतका विभिन्न चाडबाडमा अधिकांशको पहिलो रोजाइ अस्तामको बाजा नै हुने गरेको छ ।

नेपालीको मौलिक पहिचान जस्तै बनेको नौमती बाजाका लागि ख्याति कमाएको कास्कीको माछापुच्छ्रे गाउँपालिका–६ धितालस्थित पोखरीडाँडामा निर्माण गरी सञ्चालनमा आएको नौमती बाजा पार्कका कारण यतिखेर थप चासो र चर्चामा रहेको छ । खुल्ला आकाशमुनि सार्वजनिक जग्गामा निर्माण गरिएको नौमती बाजा पार्कमा सुमधुर स्वरमा शुभसन्देश दिने नरसिङ्गा, नौमती बाजाको प्रमुख आकर्षणका रुपमा बजाइने सहनाई जोडी, दमाहा, सानो दमाहा, झ्याली, ट्याम्को, ढोलक, बाजा प्रदर्शन गरिएको छ ।

सनही र नरसिङ्गा फुकेर, ठूलो दमाहा, सानो दमाहा, ढोलक र ट्याम्को ठोकेर तथा झ्याम्टा र मुजुरा एकापसमा जुधाएर बजाइन्छ । नौजना वाद्यवादक कलाकारहरूले सुर र ताल मिलाएर एकैपटक बजाउने गरेकाले यो टोलीलाई नौमती बाजा भनिएको हो । विशेषगरी आलुमिनियम, तामा, पित्तललगायतका धातु, काठ र घरपालुवा जनावरको छाला प्रयोग गरेर बाजा निर्माण गरिन्छ ।

संस्कृति, पर्यटन तथा नागरिक



उड्डयन मन्त्रालय र स्थानीय जनसहभागिताको आर्थिक एवं माछापुच्छ्रे गाउँपालिकाको प्राविधिक सहयोगमा निर्माण गरिएको सो पार्क २०७६ साल असार महिनादेखि सञ्चालनमा आएको नौमती बाजा पार्क निर्माण समितिका अध्यक्ष इन्जिनियर सुनिल दाहालले जानकारी दिनुभयो ।

उहाँका अनुसार तत्कालीन प्रतिनिधिसभा सदस्य स्व रवीन्द्र अधिकारीको विशेष पहलमा रु १६ लाखको लागतमा निर्माण सम्पन्न गरिएको सो पार्क निर्माणका लागि मन्त्रालयबाट रु १५ लाख र एक लाख मूल्य बराबरको स्थानीय जनसहभागिता परिचालन गरिएको हो । नौमती बाजा पार्क सञ्चालनमा आएसँगै यस क्षेत्रमा दैनिक १०० देखि ५०० जनासम्म आन्तरिक एवं बाह्य पर्यटकले अवलोकन गर्ने गरेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "पर्यटकको आवगमनसँगै आसपासको व्यापार व्यवसायमा समेत सहयोग पुगेको छ ।" पार्कमा प्रदर्शित बाजाको

तालसहित अन्नपूर्ण, माछापुच्छ्रे हिमशृङ्खलासहित रमणीय गाउँ ल्वाङ, रिभानसहितको दृश्यावलोकन गर्न सकिने सो क्षेत्रमा परम्परागत पानीका कुवा, कुटानी–पिसानीका सामग्री ढिकी, जाँतो, पानी घट्ट, काश्यप ऋषिको मूर्तिसहितका विभिन्न संरचना निर्माण गरी प्रदर्शन गर्ने तयारी समितिले गरिरहेको उहाँको भनाइ छ । सो स्थानमा रहेको साँदी पोखरी रु दुई लाखको लागतमा संरक्षण गरिएको छ ।

समुद्री सतहबाट लगभग एक हजार५०० मिटरको उचाइमा रहेको सो पोखरी संरक्षण गरेसँगै वर्षाको पानी सङ्कलन हुने गरेको छ । उक्त पोखरीको पानी वर्षातको समयमा स्थानीय बासिन्दाले सिँचाइका लागि उपयोग गर्दै आएका छन् । सो क्षेत्रमा धम्पुस लिफ्टिङमार्फत धितालमा खानेपानीको व्यवस्थासहित उक्त पार्क र पोखरीमा पानीको व्यवस्थापन गर्ने तयारी भइरहेको बताउँदै दाहालले भन्नुभयो, "सम्पूर्ण योजना सम्पन्न गर्न करिब रु चार करोड खर्च

लाग्ने प्रारम्भिक अनुमान रहेको छ ।" बाजा पार्कको आँगनमा रहेको साँदी पोखरामा माछापुच्छ्रे हिमालको प्रतिबिम्बको दृश्यले जो कोहीलाई पनि मनमुग्ध बनाउने गरेको पार्क अवलोकनका लागि पुग्नुभएका पोखरा–१७ विरौटाका भेषराज बरालको भनाइ छ ।

जनप्रिय बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख एवं जिल्ला बचत सङ्घ कास्कीका अध्यक्षसमेत रहनुभएका बरालका अनुसार मौलिक बाजा संरक्षणका साथै प्रदर्शन गरेर यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

उक्त क्षेत्रको अस्ताममा सञ्चालित अन्नपूर्ण इको भिलेजका सञ्चालक विश्व अधिकारीका अनुसार होटेलमा आउने पर्यटकका लागि बिहानको घुमफिर पार्क पर्ने गरेको छ । होटेलमा बास बसेका अधिकांश पर्यटकलाई बाजा पार्कमा जान प्रेरित गर्दै आएको उहाँको भनाइ छ ।पार्कको नजिकै बाँसको लिङ्गे पिङ स्थापना गरिएको छ । पिङमा मच्चिँदै आँखाको अघि देखिने हिमशृङ्खलासहितको हरियाली, खोलानाला एवं रमणीय गाउँबस्तीको दृश्यबाट पर्यटकले छुट्टै आनन्द लिने गरेको पार्क निर्माण समितिका उपाध्यक्ष रीता गुरुङले जानकारी दिनुभयो । पोखराको हेम्जास्थित मिलनचोकबाट धम्पुस सडकखण्डमा लगभग आठ किलोमिटर दूरीमा रहेको सो पार्कमा प्रवेशका लागि टिकटको व्यवस्था नहुँदा कहाँबाट र कति सङ्ख्यामा पर्यटक आए भन्ने तथ्याङ्क छैन ।

# राष्ट्रिय पौडी प्रतियोगिता चितवनमा

रासस
चितवन, २३ कार्तिक

जिल्लामा पहिलोपटक राष्ट्रियस्तरको पौडीप्रतियोगिताहुनेभएकोछ। भरतपुर महानगरपालिका–१३ मा राष्ट्रिय विद्यालयस्तरीय उमेर समूह पौडी प्रतियोगिता हुने भएको हो । यही कात्तिक २७ र २८ गते लेक ट्वान्टी थाउजेन्ड फार्म रिसोर्ट (एलटिके हवेली) मा प्रतियोगिता हुन लागेको हो ।

महिला–पुरुष खेलाडीको ३६ विधामा प्रतिस्पर्धा हुने एलटिके हवेलीका सञ्चालक देभेन लोहनीले जानकारी दिनुभयो । उहाँका अनुसार ब्रेष्टस्ट्रोकतर्फ १८, बटरफ्लाईतर्फ आठ र फ्री स्टाइलतर्फ १० खेलहरू हुनेछन् । पच्चीस मिटरदेखि १०० मिटरसम्मका पौडी प्रतियोगिता हुने आज पत्रकार सम्मेलन गरी जानकारी दिइयो ।

प्रतियोगितामा विभिन्न जिल्लाका विद्यालयका ८–१०, १२–१४ वर्ष उमेर समूहका विद्यार्थी र १५ वर्षमाथिका खेलाडी सहभागी हुनेछन् । चितवन, मोरङ, ललितपुर, काठमाडौं, कास्की, बाँकेलगायतका जिल्लाका खेलाडीहरूले प्रतियोगितामा सहभागिता जनाउनेसोअवसरमाजानकारी दिइयो । प्रतियोगिताका लागि २५ मिटर लम्बाइ, १६ मिटर चौडाइमा फैलिएको पौडी पोखरी ६ लेनको तीनदेखि पाँच फिटसम्मको गहिरो छ । प्रतियोगितामा प्राविधिक सहयोग नेपाल पौडी सङ्घको रहेको छ । यसअघि यहाँ छ दिनसम्म राष्ट्रिय तथा जुनियर राष्ट्रिय टोलीका १२ खेलाडीले पौडी तालिम लिएका थिए ।

पौडी पोखरीका लागि संरचना निर्माणमा रु दुई करोड खर्च गरी अन्तरष्ट्रिय मापदण्डको पोखरी निर्माण गरिएसँगै हवेली आफैंले पौडी प्रतियोगिताको आयोजना गरेको लोहनीले बताउनुभयो ।

# सूर्यदेवको पूजा आराधना गरी मनाइँदै छठ

रासस
काठमाडौं, २३ कार्तिक

छठ पर्वको मुख्य दिन बुधबार साँझ अस्ताउँदो सूर्यलाई पूजा आराधना गरी अर्घ्य दिइँदैछ ।

कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने सूर्यदेवको आराधना, उपासना र पूजाको यो पर्व सोमबारदेखि सुरु भएको हो । ऐतिहासिक पौराणिक ग्रन्थ महाभारतमा उल्लेख भए अनुसार द्रोपदीसहित पाँच पाण्डव अज्ञातवासमा रहँदा उक्त गुप्तवास सफल होस् भनी सूर्यदेवलाई आराधना गरिएको थियो । त्यस समयमा पाण्डवहरू विराट राजाको दरबारमा बास बसेको उल्लेख छ । लोककथन बमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनीभएको हो।सूर्यपुराणअनुसार

सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसूयाले छठ व्रत गरेकी थिइन् । फलस्वरूप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन् । त्यही बेलादेखि 'छठ पर्व' मनाउने परम्पराको सुरुवात भएको तथ्य सूर्य पुराणमा उल्लेख छ ।

संसारका सम्पूर्ण भौतिक विकास सूर्यमाथि नै आधारित छन् । सूर्यको शक्तिविना रुख, बिरुवा, वनस्पति, प्राणी, जीवजन्तु कसैको पनि अस्तित्व रहन सक्दैन । सूर्य किरणको चिकित्सा माथि कैयौँ चिकित्सकले ग्रन्थ लेखेको पाइन्छ । सूर्यको किरणबाट कैयौँ असाध्य तथा अक्षय रोगको आश्चर्यजनक उपचारसमेत खोजिएको छ ।

साम्ब पुराणमा आफ्नै पिता श्रीकृष्ण तथा महर्षि दुर्वासाको सरापद्वारा कुष्ठरोगबाट पीडित साम्ब सूर्यको आराधनाको

फलस्वरूप रोग मुक्त हुन गएको भन्ने चर्चा छ । छठ पर्वमा व्रत गरे दुःख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास छ । यसमा भुप्पा–झुप्पा फलफूल चढाउँदा सूर्य देवता प्रसन्न भई बर्तालुका कुटुम्बसहित सबै सन्तानको भलो हुन्छ भन्ने मान्यता पाइन्छ ।

यस पर्वमा जो व्रत बस्न सक्दैन उसले अर्को व्रत गर्नेबाट कामना पूरा गराउने गर्छन् । आर्थिक अभाव भएका मानिसहरू भिक्षा मागेर भए पनि यो पर्व मनाउने गर्छन् ।

कार्तिक शुक्ल चतुर्थीका दिन स्नान गरी एक छाक खाएर बस्ने गरिन्छ । दोस्रो दिन कार्तिक शुक्ल पञ्चमीमा सखर हालेर बनाइएको खीर (खरना) षष्ठी मातालाई चढाई व्रतालुले प्रसादस्वरुप खाने र नुन नखाई एक छाक फलाहार गरिन्छ ।

यो पर्वको मुख्य दिन कार्तिक शुक्ल षष्ठीका दिन कठोर निराहार व्रत गरी बेलुकी अस्ताउँदो सूर्यलाई पूजा आराधना गरी अर्घ्य दिने विधि विधान रहेको गुह्येश्वरी गौरीघाट छठ पूजा समितिका सचिव नवलकिशोर यादवले बताउनुभयो ।

"षष्ठीका दिन रातभर जागा बसी कार्तिक शुक्ल सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई पूजा आराधना गरी विधिपूर्वक अर्घ्य दिएपछि यो पर्व समापन हुन्छ", उहाँले भन्नुभयो । कार्तिक शुक्ल पक्षमा विधिपूर्वक सूर्यको पूजा आराधना गरी अर्घ्य दिएमा चर्मअर्थात् छाला रोग लाग्दैन भन्ने धार्मिक विश्वास छ ।

विसं २०४६ अघि तराईको सीमित क्षेत्रमा मनाइने छठले अहिले राष्ट्रियस्वरुप ग्रहण गरेको छ । विसं २०४६ देखि नै सरकारले यो पर्वका अवसरमा राज्यभर सार्वजनिक बिदा दिने गरेकामा

विगतका वर्षमा काटिएकामा यस वर्षदेखि फेरि बिदा दिइएको छ ।

छठ पर्वका लागि राजधानीको गुह्येश्वरीबाट गौरीघाट क्षेत्र, गहनापोखरी, नागरपोखरी, कमलपोखरीलगायत वाग्मती, नक्खु र विष्णुमतीलगायत नदी किनारमा सजावट गरिएको छ । कमलपोखरीमा भने यस वर्ष छठको व्यवस्थापन काठमाडौं महानगरपालिकाले नै गर्ने जनाइएको छ । छठका व्रतालुले कार्तिक शुक्ल चतुर्थीदेखि नै चोखो खानपान गरी शुद्ध भएर बस्ने गर्छन् । केही बर्तालुले भने कोजाग्रत पूर्णिमाको भोलिपल्ट अर्थात् कार्तिक कृष्ण प्रतिपदादेखि नै लसुन, प्याजलगायत तामसी खाद्यपदार्थ नखाई चोखोअर्थात् सात्विक भोजन गरेर बस्छन् ।

## सच्याइएको

मिति २०७८/०७/२३ गते मंगलबार भित्री पृष्ठमा यस पोखरापत्र राष्ट्रिय दैनिकमा प्रकाशित फेदीखोला गाउँ कार्यपालिकाको कार्यालयको शिलबन्दी दरभाउपत्र आव्हानको सूचनामा आ.ब.२०७८/७९ को लागि न्यूनतम अंक रु.(मु.अ.क.सहित) हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।


## कुक चाहियो

नेपाली खाना बनाउन जान्ने कुक तुरुन्त चाहियो ।

सम्पर्क: ९८४६०३३४५५

## फेन्सी पसल बिक्रीमा

चालु अवस्थामा पोखरा नागढुंगा स्थित फेन्सी, कस्मेटिक, हस्पिटल जन्य सामग्री भएको फेन्सी पसल बिक्रीमा ।

सम्पर्क: ९८४६५२१९९३

## शिक्षक आवश्यकता

पोखरा महानगरपालिका कार्यलयको मिति २०७८/०७/२३ च.न. २३१ को पत्र संख्या नम्बर ०७८/०७९ पत्रानुसार यस विद्यालयमा निम्न अनुसारको शिक्षक आवश्यकता भएकोले योग्यता प्राप्त उम्मेदवारहरुबाट रीतपूर्वक दरखास्त दिनुहुन सम्बन्धित सबैमा यो विज्ञापन प्रकाशित गरिएको छ ।

**तपशिल**

तह : प्रा.वि. तृतीय श्रेणी
शैक्षिक योग्यता : आई एड वा सो सरह
आवश्यक कागजातहरु :
शैक्षिक योग्यताका प्रमाणपत्रहरु, नागरिकताको प्रमाणपत्र, अनुभवका प्रमाणपत्रहरुको १/१ प्रति प्रतिलिपि र निवेदन ।
नागरिकता : नेपाली
उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
फारम भर्ने मिति: विज्ञापन भएको मितिबाट १५ दिन
आवेदन दस्तुर : १०००/- (एक हजार मात्र)
परीक्षाको किसिम : शिक्षक सेवा आयोगको नियम अनुसार
सम्पर्क मिति : २०७८/०८/०८ गते
परीक्षा हुने मिति: सम्पर्क मितिमा तोकिने छ ।
सम्पर्क नं. : ९८४०५८७७३०
अन्य जानकारीका लागि : विद्यालयमा सम्पर्क गर्ने

**श्री पञ्चकोशी आधारभूत विद्यालय**
पोखरा- २३, औसेलुचौर, कास्की

# कोरोनाको असर चरा पर्यटनमा पनि

-वासुदेव पौडेल
गण्डकी, २३ कार्तिक (रासस)

पोखराका सुनिता गुरुङ चरा गाइडका रुपमा सक्रिय रहनुभएको १७ वर्ष बितिसकेको छ । सन् २००४ यतादेखि गरिरहेको काममा उहाँ खुसी उत्साहित पनि हुनुहुन्छ तर नेपालमा चरा पर्यटनप्रति पनि आकर्षण बढ्दै गएका अवस्थामा एकाएक दुई वर्षअघि भित्रिएको कोरोना भाइरसको महामारीले उहाँको क्रियाशीलतालाई प्रत्यक्ष असर पाऱ्यो ।

विगतमा पर्यटकलाई चरा देखाउन र चिनाउन भ्याइनभ्याइ हुने गुरुङ दुई वर्षयता भने फुर्सदिलो बन्नुभएको छ।स्वरोजगार बन्नुभएकी उहाँको रोजगारीलाई कोरोनाले असर पारेको हो । “कोरोनाले चरा गाइडका रुपमा काम गरिरहेका सबै यतिखेर बेरोजगार बनेका छन्”, गुरुङले भन्नुभयो, “यसैका माध्यमबाट घरखर्च चलाएकालाई त भन् मुस्किल परेको छ ।”

चरा देखाउने र चिनाउने काम सजिलो नभएको बताउँदै उहाँले यसका लागि इच्छाशक्ति, धैर्यता, पहिचान, क्षमता आदि आवश्यक हुने उहाँले बताउनुभयो । कोरोनाका कारण चरा गाइडसँगै चरामा पनि प्रत्यक्ष असर परेको भएको गुरुङको भनाइ थियो । पसलका सटरमा गुण बनाउने गौथली कोरोनाका कारण पसल बन्द हुँदा समस्यामा परेको बताउँदै उहाँले विकासका नाममा चराका बासस्थान मासिँदा समस्या भएको जानकारी दिनुभयो । पर्यटकीय नगरी पोखरा चरा पर्यटनका लागि पनि उत्तिकै आकर्षक गन्तव्य भएको चराका क्षेत्रमा काम गर्नेहरूले बताए । तालैतालको सहर पोखराका नौओटा ताल रामसारमा सूचीकृत छन् । पोखराको बीच भाग भएर बग्ने सेती नदी, फुस्रेखोला हुँदै दक्षिण भेगस्थित सुरौदीलगायत खोलानाला चराका लागि उपयुक्त मानिन्छ । पोखरा, आसपासका क्षेत्र र हिमालपारिको जिल्ला मुस्ताङ हुँदै बग्ने काली गण्डकीसहित विभिन्न जलसम्पदाका कारण पनि यो क्षेत्र चराचुरुङ्गीको राम्रो बासस्थान बनेको हो । नेपाल आउने विदेशी पर्यटकमध्ये आठ प्रतिशत पर्यटक चरा हेर्नकै लागि आउने गरेको तथ्याङ्क छ । विशेष गरी विदेशी पर्यटक नै चरा पर्यटनमा रुचि राख्ने भएकोले कोरोनाका कारण विदेशी पर्यटक नआएका कारण चरा गाइड कामविहीन जस्तै बनेका छन् ।

पोखराका जलाशयमा यतिखेर जाडो छल्नका लागि पाहुना चरा आइसकेको प्रकृतिका साथीका निर्देशक राजु आचार्यले जानकारी दिनुभयो । पोखराका फेवाताल, बेगनास ताल, रुपा ताललगायत तालमा चीन, मङ्गोलिया, साइबेरियालगायत स्थानबाट चरा आउने गर्दछन् । यहाँका फेवा, बेगनाससहित रुपा, खास्टे, कमलपोखरी, गुदे, निउरेनी, दिपाङ र मैदीतालका साथै सेती नदीका आसपासमा थुप्रै पाहुना चरा देखिन थालेका छन् । विगतका वर्षमा जस्तो पाहुना चराको आउने क्रम भने कमहुँदै गएको पाइएको छ । सिमसार र आसपासका क्षेत्रमा विचरण तथा प्रजनन गर्ने चराका प्रजाति वातावरण प्रदूषण एवं सिमसारमा हुने गरेको अतिक्रमणका कारण सङ्कटमा पर्दै गएको अनुसन्धानले देखाएको छ । विशेष गरी हिमाली क्षेत्रमा हिउँ पर्न थालेपछि आहारा पाउन नसकिने भएकोले जाडो छल्नका लागि पाहुना चरा बैँसितिर झर्ने उहाँले जानकारी दिनुभयो । हिउँद सुरु भएसँगै चीन, मङ्गोलिया, साइबेरियालगायत स्थानबाट हिमालपारिको जिल्ला मुस्ताङको जोमसोम, कागबेनीहुँदै छिर्ने कन्याङ्कुरुङ पछिल्ला वर्षमा कम देख्न थालिएको छ ।

ठूलाठूला झुण्डमा आउने कन्याङ्कुरुङ पोखराहुँदै कालीगण्डकी उपत्यका पार गरी भारतको राजस्थानलगायत स्थानमा पुग्दछन् । पोखरा र आसपासमा कन्याङ्कुरुङ आउँदा र फर्कदा उनीहरूको झुण्डलाई हेर्दै लहरेबाली लगाउने हो भने त्यसले राम्रो उत्पादन दिने जनविश्वास अझै पनि कायमै छ । स्याङ्जाको भीरकोट नगरपालिका-३ स्थित देवपूजे डुङ्गालाई प्रत्येक वर्ष कन्याङ्कुरुङ आउँदाजाँदा अनिवार्य घुमेर जाने गरेको त्यहाँका बासिन्दाले बताए । कास्कीको दक्षिण भेगस्थित सुरौदी खोलाको किनारामा एक दशकअघिसम्म ठूलै सङ्ख्यामा हुटिट्याउँ पाउने गरिएकामा पछिल्ला वर्षमा देख्न छाडिएको छ । संरक्षणको अभावमा सिमसार क्षेत्र सुक्नु, विचरण क्षेत्रमा भौतिक संरचना बन्नु, खोला तथा जलाशयमा माछालगायत जलचरमा कमी आउनुजस्ता कारणले बर्सेनि चरा घट्दै गएका हुन् । यसअघि २०७४ सालको हिउँदमा फेवातालमा गरिएको चरा गणनामा ४२ प्रजातिका चरा भेटिएकामा हाल तीमध्ये तीन प्रजाति घटेको तथ्याङ्कले देखाएको छ । अध्ययनले केही वर्षको अन्तरालमा ५० प्रतिशत चरा कम भएको देखाएको छ । पछिल्ला वर्षमा जलाधार क्षेत्रमा पहिला टाउके हाँस, सुन्जुरे हाँसलगायत चराका प्रजाति कम देखिन थालेको बताइएको छ । पोखरा उपत्यकामा ४६७ प्रजातिका चरा पाइन्छ । चरा पर्यटनमा आकर्षण बढ्दै गर्दा चरा तथा वन्यजन्तुको अध्ययन अनुसन्धान एवं पहिचानका कार्यक्रम पनि बढ्दै गएका छन् । सहस्राब्दी पदमार्ग(मिलेनियम ट्रेक) मा पर्ने राङखाङ भैँसेगौँडामा प्रकृतिका साथीको सक्रियतामा वन्यजन्तु अनुसन्धानविधि विषयक तालिम यसवर्ष पनि गर्न लागिएको निर्देशक आचार्यले जानकारी दिनुभयो ।

स्याङ्जाको पुतलीबजार नगरपालिका-२ भैँसेगौँडामा वन्यजन्तु अनुसन्धानविधि तालिम अघिल्लो वर्ष गरिएकोमा यसवर्ष पनि कात्तिक २३ गतेबाट १९ दिनसम्म गर्न लागिएको छ । अघिल्लो वर्ष विभिन्न जिल्लाका १३ जना सहभागी भएकामा यस वर्ष १२ जनामात्र सहभागी हुँदैछन् । तालिमका क्रममा सहभागीलाई जङ्गलमा रहेका चरा, पुतली एवं स्तनधारी प्राणीको पहिचान, तिनको अनुसन्धानविधि आदिबारे जानकारी प्रदान गरिने छ ।

सहस्राब्दी पदमार्ग चरा पर्यटनका लागि पनि उत्तिकै आकर्षक गन्तव्य भएका कारण यहाँ पाइने चरासहित वन्यजन्तुको अनुसन्धानसँगै पहिचानका लागि गर्न लागिएको तालिम बहुउपयोगी हुने विश्वास लिइएको मिलेनियम ट्रेक व्यवस्थापन समितिका सदस्य बालकुमार गुरुङले जानकारी दिनुभयो । तनहुँको दुलेगौँडादेखि स्याङ्जाको रामबाङ्ग जोड्ने ७२ किलोमिटर दूरीको सहस्राब्दी पदमार्ग (मिलेनियम ट्रेक) मा १३७ प्रजातिका चरा पाइने उहाँको भनाइ थियो । नेपालमा मात्र पाइने चरा काँडे भ्याकुर सहस्राब्दी पदमार्गका विभिन्न स्थानमा देख्न सकिन्छ ।

# चौथो डायमण्ड रनिङ सिल्ड जारी

पोखरापत्र संवाददाता
पोखरा, २३ कार्तिक

कास्कीको पोखरा महानगरपालिका वडा नं २७ तालचोकमा रहेको डायमण्ड माध्यमिक विद्यालयमा चौथो डायमण्ड रनिङ शिल्ड खेलकुद प्रतियोगिता जारी रहेको छ ।



अनुशासन, समृद्धिका लागि खेलकुद भन्ने मुल नाराका साथ संचालन भईरहेको खेलकुद प्रतियोगिताको दोस्रो दिन फुटबलका पहिलो चरणका ६ खेल सम्पन्न भएको विद्यालय संयोजक दिनेश शर्माले जानकारी दिएका छन् । दोस्रो दिनको पहिलो फुटबल खेल ट्राईब्रेकरमा कक्षा ११ व्यवस्थापन समुह लाई २–१ ले पाखा लगाउदै कक्षा १० बि समुहको दोस्रो चरणमा प्रवेश गर्न सफल भएको छ । त्यस्तै दिवश सुबेदीको एक गोलको मद्धतमा विज्ञान समुह बि लाई पछि पार्दै एक्स विज्ञान समुह विजयी बनेको छ ।

दोस्रो दिनका तेस्रो खेलमा कक्षा ९ ए ले कक्षा १० ए लाई दुई गोलको सहज जित निकालन सफल भएको छ जुन खेलमा एरिक पुन र सबिन थापाले एक एक गोल गरेका थिए । त्यस्तै असिम मगर र नोयल रानाको २ गोलको मद्धतमा कक्षा ८ ले कक्षा ९ बि का विच पनि सहज जित हासिल गरेको छ । पाँचौ खेलमा रसिक थापाको एक मात्र गोलले व्यवस्थापन समुह अर्को चरणमा प्रवेश गरेको छ । दोस्रो दिनको अन्तिम खेल निकै नै रोमाञ्चक रहेको थियो उक्त खेलमा साबिकको उपविजेता टोलि पूर्व व्यवस्थापन समुहलाई भेट्रान्स समुहले सून्यका विरुद्ध तिन गोल गर्दै जित हात पारेको छ जसमा सुशिल रानाले एक तथा सुवास थकालीले दुई गोल गरेको विद्यालयमा अतिरिक्त क्रियाकलाप प्रमुख विकास लामिछानेले जानकारी दिएका छन् । चौथो डायमण्ड रनिङ सिल्ड यहि कार्तिक २६ गतेसम्म संचालन हुने बताईएको छ ।

# बेलिब्रिज प्रयोगविहीन

पोखरापत्र संवाददाता
म्याग्दी, २३ कार्तिक

राष्ट्रिय गौरबको कालीगण्डकी कोरिडोर अन्तर्गत बेनी–जोमसोम सडकमा चार वटा बेलिब्रिज प्रयोगविहीन भएका छन् । अर्कोतर्फ सडकको विभिन्न ठाउँका खोलामा पुल नहुँदा जोखिम र सास्तीपूर्ण यात्रा गर्नुपर्ने बाध्यताका साथै सवारी आवतजावत् प्रभावित बनेको छ ।

स्थायी पक्की पुल निर्माण भएपछि अस्थायी रूपमा सवारीसाधन आवतजावत गराउन बनाइएको बेलिब्रिज प्रयोगविहीन बनेका हुन् । दुई वटा बेलिब्रिज प्रयोगविहीन बनिसकेको बेनी–जोमसोम सडकका थप दुई वटा बेलिब्रिज पनि विस्थापित हुने अवस्थामा रहेका बेनी–जोमसोम–कोरला सडक आयोजनाले जनाएको छ । आयोजना प्रमुख जगत प्रजापतिले म्याग्दीको रघुगङ्गा गाउँपालिका-१ र अन्नपूर्ण गाउँपालिका-७ महभिर र मुस्ताङको थासाङ गाउँपालिकाको लेतेखोलामा पक्की पुल बनेपछि त्यहाँको बेलिब्रिज प्रयोगविहीन बनेको बताउनुभयो । “अन्नपूर्ण गाउँपालिका-२ र ६ को सिमानामा पर्ने पाखेरेबगरस्थित कालीगण्डकीरबेनीनगरपालिका-९ र रघुगङ्गा गाउँपालिका-३ को सिमाना गलेश्वरस्थित राहुघाट नदीमा पनि पक्की पुल निर्माणको अन्तिम चरणमा छ”, उहाँले भन्नुभयो, “लेतेखोलाको बेलिब्रिज स्थानान्तरण गर्न ठेक्का सम्झौतामा उल्लेख भए पनि अन्य पुल स्थानान्तरणका लागि नीतिगत निर्णयको आवश्यकता छ ।” विसं २०६३ मा मार्ग खुलेको ७६ किलोमिटर दूरीको मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी–जोमसोम सडकमा पक्की पुल निर्माण नहुँदासम्मका लागि नेपाली सेनाले बेलिब्रिज बनाएको थियो ।

रघुगङ्गा गाउँपालिका-१ बेगखोलाको बेलिब्रिज बाढीले बढाएको थियो । अन्य ठाउँका बेलिब्रिज सामान्य मर्मत गरेर स्थानान्तरण गर्न सकिने अवस्थाका छन् । बेगखोला, रुप्सेखोलालगायतका ठाउँमा पुल नहुँदा बर्खा याममा बाढी आउदा बेनी–जोमसोम सडकमा सिधा आवतजावत प्रभावित हुने गरेको छ । लेतेखोलाको बेलिब्रिज स्थानान्तरण गर्न पक्की पुल निर्माणको ठेक्का सम्झौतामा उल्लेख भए पनि स्थानान्तरण गर्ने ठाउँ तय नहुँदा अलमल भएको आयोजना प्रमुख प्रजापतिले बताउनुभयो । सोमबार भएको जिल्ला समन्वय समिति म्याग्दीको छैठौं जिल्ला सभाले प्रयोगविहीन बेलिब्रिज स्थानान्तरणका विषयमा छलफल भए पनि ठोस् निर्णय हुन सकेन् । सम्बद्ध निकाय र बेलिब्रिज बनाएको नेपाली सेनासँग परामर्श गरेर बेलिब्रिज स्थानान्तरण गर्ने ठाउँ छनोट गरेर सिफारिस गर्ने जिसस प्रमुख देवेन्द्रबहादुर केसीले बताउनुभयो ।

बेनी–जोमसोम–कोरला सडक आयोजनामार्फत निर्माणाधीन म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ स्थित रुप्से र मुस्ताङको खहरेखोलाको मोटरेबल पुल अलपत्र बनेका छन् । आयोजनाका इञ्जिनीयर आश्वीनीकुमार यादवले निर्माणको क्रममा रहेका पुलका संरचनामा बाढीले तहसनहस बनाएपछि डिजाइन परिवर्तन गरेर दूरी बढाएर नयाँ प्रक्रियाबाट बनाउन पुरानो ठेक्का तोड्ने प्रक्रियामा रहेको बताउनुभयो ।

“४० मिटर लम्बाइ भएको रुप्से खोलाको पुलको दुईतर्फ पिल्लर उठाएर ६६ प्रतिशत र ढलान गर्ने अवस्थामा रहेको ८५ प्रतिशत प्रगति भएको खहरेखोलाको पुलको जगनै खलबलाउने गरी बाढीले बगाएपछि स्पाम (लम्बाइ) बढाउन लागिएको छ”, उहाँले भन्नुभयो “भूगोल र प्राकृतिक विपद्का कारण डिजाइन संशोधन, पुरानो ठेक्का तोडेर नयाँ ठेक्का प्रक्रिया सुरु गर्नुपर्ने भएको हो ।”

# स्थानीय तहमा कानूनी साक्षरता अभियान सञ्चालन

– तारानाथ आचार्य
बागलुङ, २३ कार्तिक (रासस)

उच्च अदालत बार एशोसिएशन बागलुङले दशवटै पालिकामा कानुनी साक्षरता अभियान थालेको छ ।

कानुनका जान्नैपर्ने आधारभूत कुरा बुझाएर जनतालाई सूचित बनाउन यो अभियान थालिएको बारका सचिव रमेशबहादुर खड्काले बताउनुभयो । “कुन विषय र मुद्दामा कस्तो कानुन आकर्षण हुन्छ भनेर ग्रामीण क्षेत्रका बासिन्दालाई जानकारी भयो भने अपराध न्यूनीकरणमा सहयोग पुग्छ, काम विशेषले आएकाको खर्च पनि जोगिन्छ”, उहाँले भन्नुभयो, “यो विषय जनतालाई बुझाउनैपर्ने भएको छ ।” लामो समयदेखि बारले यस्ता गतिविधि गरेको थिएन । यो अभियानमार्फत बारले सबै पालिकाको न्यायिक समितिलाई समेत जागरुक बनाउन खोजेको अध्यक्ष अखिलनाथ शर्माले बताउनुभयो । “आफ्नै कार्यक्षेत्रबारे न्यायिक समितिका पदाधिकारी अन्योलमा छन्, अब हामीले सल्लाह दिन खोजेका हौं,” उहाँले भन्नुभयो, “न्याय निरुपणका लागि अल्मलिएका जनप्रतिनिधिलाई पनि सहज हुनेछ ।”

स्थानीय तहमा उपप्रमुख तथा उपाध्यक्ष नेतृत्वमा न्यायिक समिति छ । उक्त समितिलाई न्याय निरुपणको अधिकार छ । तर पछिल्लो समय अधिकांश समितिले काम गर्न सकेका छैनन् । जनतालाई पनि न्यायिक विश्वास नभएर प्रहरीदेखि अदालतसम्म पुग्ने गरेका छन् । बारले ज्यानसम्बन्धी, करणी, विवाह, अपहरण, शरीरबन्धक, बोक्सीको आरोप, छुवाछुत र भेदभावसम्बन्धी कानूनी साक्षरता दिन थालेको हो । बारले ताराखोला गाउँपालिकामा ८० जनालाई साक्षरता दिइसकेको खड्काले जानकारी दिनुभयो । अंश, सम्बन्धविच्छेद,अपुताली,दानबकस, लिखत पारित र कार्यविधिसम्बन्धी धेरै विषयमा साक्षरता अभियान चलाउन बारले पाठ्यक्रमसमेत बनाएको हो ।

व्यक्तिगत घटना दर्तादेखि स्थानीय तहको काम कर्तव्य र अधिकार विषयमा पनि पाठ्यक्रम बनाएर विभिन्न कार्यक्रम गर्ने बारले निर्णय गरेको खड्काले जानकारी दिनुभयो । स्थानीय तह गठनपछि बारले कुनैपनि कार्यक्रम गरेको थिएन । कार्यक्रम नगर्दा जनप्रतिनिधि पनि अन्योलमा परेको र जनतामा सचेतना अभियान जान सकेको थिएन । अझै २०७४ सालदेखि लागूभएको नयाँ मुलुकी देवानीसंहिताको व्यवस्थाबारे सर्वसाधारण र जनप्रतिनिधि समेत अन्योलमा थिए । “हामीले थाहै नपाएका धेरै विषय जान्ने अवसर मिलेको छ”, ताराखोला गाउँपालिका अध्यक्ष प्रकाश घर्तीले भन्नुभयो, “यस्ता विषय जनप्रतिनिधि र सामाजिक अगुवामा मात्र सीमित नगरी वडा तहमा पुऱ्याउनुपर्छ ।” बारले दशवटै पालिकामा यो अभियान लैजाने र आवश्यकता अनुसार अन्य समुदायमा पनि जाने तयारी गरेको हो । बारले मानवअधिकारलगायतका क्षेत्रमा पनि आफ्ना क्रियाकलाप गर्ने गरी समिति गठन गरेको छ । विभिन्न ११ वटा विषयगत समिति बनाएर बारले आम नागरिकमा कानूनी विषय र अदालती प्रक्रियालाई सहजै बुझ्ने बनाउन लागेको हो । यस अघिको कार्यकालमा बारमा विवाद बढ्दा आन्तरिक किचलोसँगै जनतामा समेत साक्षरता पुग्न सकेको थिएन ।

# ‘लो गेकर’ गुम्बा पुनःनिर्माण सुरु

रासस
म्याग्दी, २३ कार्तिक

मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिकास्थित ‘लो गेकर’ गुम्बाको पुनःनिर्माण सुरु भएको छ । काठमाडौँस्थित अमेरिकी दूतावासको सहयोगमा ऐतिहासिक ‘लो गेखर’ गुम्बाको पुनःनिर्माण सुरु भएको हो ।

अमेरिकी दूतावासले गुम्बा पुनःनिर्माणका लागि दुई लाख ८५ हजार अमेरिकी डलर खर्च गर्ने जनाएको छ । अमेरिकाको सांस्कृतिक संरक्षण कोषको अनुदान सहयोगमा गुम्बा पुनःनिर्माण गर्न लागिएको दूतावासले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

गण्डकी प्रदेशसभा सदस्य महेन्द्र थकाली, दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ सोम्फेल विष्ट (राजु) र अमेरिकी दूतावासका पब्लिक अफेयर्स अफिसर ग्यारेट विल्करसनले हालै गुम्बा पुनःनिर्माणको सुरुवात गर्नुभएको थियो । धार्मिक विधिअनुसार पूजाआजा गरेर पुनःनिर्माण सुरु गरिएको हो । सन् २०२३ मा गुम्बा पुनःनिर्माण गरिसक्ने दूतावासले जनाएको छ । ‘लो गेखर’ तिब्बती बौद्धमार्गीको सबैभन्दा पुरानोमध्येको एक महत्वपूर्ण गुम्बा हो । पुनःनिर्माणपछि गुम्बाको कलाकृतिको अभिलेख रहने र भविष्यमा धर्मावलम्बी, पर्यटकले सहजरूपमा सो सम्पदाको भ्रमण गर्न सक्नेछन् । विसं २०७२ को भूकम्पका कारण गुम्बा जीर्ण बनेको थियो । ईस्वी संवत् आठौं शताब्दीमा बौद्ध धर्मगुरु पद्मसम्भवले भारतबाट तिब्बत् जाने क्रममा राक्षस्नीको बध गरेको ठाउँमा बाधा-अड्चन नहोस् भनेर टुक्र्याइएको शरीरमाथि मुटु राखेर मराङमा गुम्बा बनाएर केही समय त्यही बस्नुभएको धार्मिक ग्रन्थमा उल्लेख छ ।

# जिप दुर्घटनाका घाइतेलाई हेलिकोप्टरबाट काठमाडौँ लगियो

पोखरापत्र संवाददाता
म्याग्दी, २३ कार्तिक

म्याग्दीको मालिका गाउँपालिका-४ ओखरबोटमा आज भएको जिप दुर्घटनाका घाइतेलाई हेलिकोप्टरमार्फत काठमाडौँ लगिएको छ ।

बागलुङको तमानखोलादेखि म्याग्दीको दरबाङ जाँदै गरेको धा१च १९५ नम्बरको बोलेरो जिप ओखरबोटको घोरघोरे खोल्सामा दुर्घटना हुँदा चार जना घाइते भएका थिए । दुर्घटनामा घाइते तमानखोला गाउँपालिका-४ का ७२ वर्षीय पोपसरा बुढामगर, १३ वर्षीया हेलिस बुढामगर, ३० वर्षीया मिलन बुढामगर र ४२ वर्षीय टकसरा बुढामगरलाई प्रभु एयरको हेलिकोप्टरबाट काठमाडौँस्थित टिचिङ अस्पताल लगिएको इलाका प्रहरी कार्यालय दरबाङले जनाएको छ । प्रहरी निरीक्षक सन्तोष पौडेलले ब्रेक फेल भएर दुर्घटना भएको बताउनुभयो । उहाँका अनुसार ब्रेक फेल भएपछि चालकले गाडीलाई सडकको कुनातर्फ ठोक्काएका थिए । तीन जना घाइतेको स्वास्थ्य अवस्था सामान्य छ । ढाड र टाउकोमा चोट लागेर घाइते भएका १३ वर्षीय हेलिस पनि खतरामुक्त रहेका प्रहरी निरीक्षक पौडेलले बताउनुभयो । घाइते सबै एउटै परिवारका हुन् । इलाका प्रहरी कार्यालय दरबाङका सुरक्षाकर्मी र स्थानीयवासीले घाइतेको उद्धार गरेका थिए । घाइतेका आफन्तले हेलिकोप्टर मगाएर काठमाडौं गएका हुन् ।

# सामूहिक बलात्कारका तीन आरोपी पक्राउ

पोखरापत्र संवाददाता
बेनी, २३ कार्तिक

सामूहिक बलात्कारको अभियोगमा प्रहरीले तीन युवालाई पक्राउ गरेको छ ।

बेनी नगरपालिका-५ पुलाचौरमा एक महिलालाई बलात्कार गरेको किटानी जाहेरीका आधारमा २४ वर्षीय हिटमेन बानियाँ, २२ वर्षीय प्रकाश रामदाम र १८ वर्षीय प्रवेश रामदामलाई अलग-अलग ठाउँबाट प्रहरीले पक्राउ गरेर सार्वजनिक गरेको हो ।

तीमध्ये एकजनालाई रुपन्देही र दुई जनालाई पोखराबाट नियन्त्रणमा लिएको प्रहरी नायब उपरीक्षक श्यामकुमार राईले बताउनुभयो । “आधुनिक विधि र प्रविधि प्रयोग गरी अनुसन्धान भइरहेको छ, घटनामा कसैको दबाब छैन”, उहाँले भन्नुभयो । एक्लै सुतिरहेको अवस्थामा ती युवाले जबर्जस्ती धम्क्याउँदै पालैपालो बलात्कार गरेको भन्ने पीडितको उजुरी परेकाले जिल्ला प्रहरी कार्यालयबाट टोली परिचालन गरी पीडकको खोजी गरिएको थियो । उक्त घटना थामथुम पार्न गाउँका केहीले पीडितका आफन्तहरूकै उपस्थितिमा पीडित युवतीको परिवारबीच आर्थिक लेनदेन गरी मिलापत्रको प्रयास गरेको हल्लाले अनुसन्धानमा असर नगर्ने प्रहरीको भनाइ छ ।

नेपालको मुलुकी अपराध संहितामा १८ वर्ष वा माथिका कसुरदारलाई बलात्कारको अभियोगमा १० देखि १२ वर्षसम्म कैद सजायका साथै सामूहिक बलात्कार पुष्टि भएमा थप पाँच वर्ष सजाय हुने कानुनी व्यवस्था छ ।